वर्ष १ अंक २
पुष २०६६, December 2009

# ICAN Newsletter

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

## अध्यक्षको मन्तव्य



सदस्य महानुभावहरू,

मैले यस संस्थाको अध्यक्षको पद सम्हालेको पनि करीब ५ महिना सम्पन्न भैसकेको छ । यस अवधिमा संस्थाका उपाध्यक्ष, परिषद्का सहकर्मी साथीहरू, विभिन्न समितिका सदस्यहरू तथा अन्य मित्रहरूको सहयोगमा केही महत्वपूर्ण कार्यहरूको थालनी भएको छ । यी कार्यहरूको थालनीले संस्थालाई अगाडि बढ्न सजिलो हुने कुरामा मैले विश्वास लिएको छु । यस अवधिमा अगाडि बढेका केही महत्वपूर्ण कुराहरू निम्नानुसार छन् ।

### संस्थासुधार तथा भौतिक संरचनातर्फ

- नेपाल सरकारको स्वामित्वमा रहेको ललितपुर उपमहानगरपालिका, पाटन औद्योगिक क्षेत्रस्थित ढलौट कारखाना परिसर भित्रको ६ रोपनी ६ आना जग्गा पचास वर्षको लागि यस संस्थालाई लिजमा दिने भनी नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार अर्थ मन्त्रालय र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबीच २०६६ कार्तिक २३ गते सम्झौता सम्पन्न भएको छ । धेरै अघिदेखि संस्थाले उक्त जमिन प्राप्तिको लागि प्रयास गर्दै आएकोमा अहिले यस कार्यमा सफलता प्राप्त भएको छ । यस कार्यमा सहयोग गर्ने नेपाल सरकार मन्त्रिपरिषद्, अर्थ मन्त्रालय तथा उद्योग मन्त्रालयप्रति संस्थाको अध्यक्षको हैसियतले म विशेष आभार व्यक्त गर्न चाहन्छु साथै आ–आफ्नो स्थानबाट पहल गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।
- संस्थाको कार्यक्षेत्र विस्तार र सम्पर्क कार्यालयलाई स्तरोन्नति गर्ने क्रममा विराटनगर सम्पर्क कार्यालयलाई शाखा कार्यालयको रूपमा स्तरोन्नति गरिएको छ भने वीरगंजमा नयाँ शाखा कार्यालय खोलिएको छ । दुवै शाखा कार्यालयको कार्यक्षेत्र तथा सीमा तोकिएको छ भने ती शाखा संचालनको लागि सल्लाहकार समिति गठन गरी कार्य थालनी समेत गरिएकोछ ।
- संस्थामा कार्यरत कर्मचारीहरूको लागि यसै वर्षदेखि कार्यालय समयभित्र पोशाक संहिता (Dress Code) लागू गरिसकिएको छ ।

### अन्तर्राष्ट्रिय सम्बन्धतर्फ

- भारतको चार्टर्ड एकाउन्टेन्ट्स संस्थासँग पारस्परिक मान्यता सहमति [Mutual Recognition Agreement (MRA)], लेखा प्राविधिज्ञ शिक्षा (Accounting Technician Education), समकक्षी पुनरावलोकन (Peer Review) लगायतका अन्य विषयहरूमा समेत प्राविधिक सहयोगको बारेमा पत्राचार भई म आफैं, उपाध्यक्ष तथा कार्यकारी निर्देशक समेत दिल्ली गई यसबारेमा छलफल गरिए अनुसार यी विषयहरूमा निकट भविष्यमा नै सम्झौता हुने विश्वास मैले लिएको छु ।
- हालै सम्पन्न अन्तर्राष्ट्रिय लेखाव्यवसायी महासंघ (IFAC) को बैठकमा पहिलो पटक संस्थाले मताधिकारको प्रयोग गर्ने अवसर पाएको थियो भने एसिया तथा प्रशान्त क्षेत्रका लेखाव्यवसायीहरूको संघ (CAPA) को बैठकमा सहभागिताले सदस्यहरूको दक्षता अभिवृद्धि कार्य अन्तर्गत प्रशिक्षक प्रशिक्षण (TOT) कार्यक्रममा संस्थाबाट ५ जनाले भारतको हैदराबादमा सहभागिता जनाउँदै छन् । त्यस्तै दक्षिण एसियाली लेखाव्यवसायी महासंघ (SAFA) का विभिन्न समितिहरूको बैठक, बोर्ड बैठक तथा एजेन्सी बैठक यही जनवरी २२ र २३, २०१० मा काठमाडौंमा सम्पन्न हुन गैरहेको छ, जुन बैठकबाट नेपाल पहिलो पटक साफाको अध्यक्षमा निर्वाचित हुनेछ भने साफाले पहिलो पटक शिखर बैठक (SAFA Summit) यही मार्च २०१० मा काठमाडौंमा गर्ने निर्णय गरेको छ । यस्ता अन्तर्राष्ट्रिय मञ्चहरूमा सहभागिताले संस्थाको अन्तर्राष्ट्रिय सम्बन्ध अझ सुदृढ हुने कुरामा मैले विश्वास लिएको छु ।

### शिक्षातर्फ

- चार्टर्ड एकाउन्टेन्सी शिक्षालाई गुणस्तरीय बनाउने सिलसिलामा CAP- I का सम्पूर्ण अध्ययन सामग्रीहरू तयार भैसकेका छन् भने CAP- II का अध्ययन सामग्रीहरूको तयारीको जिम्मा दिई सकिएको छ र CAP-III को लागि यसै वर्षभित्र तयारी सुरू गर्ने लक्ष्य लिइएको छ ।
- चार्टर्ड एकाउन्टेन्सी शिक्षासँग सम्बन्धित अन्य सामाग्रीहरू Suggested Answers, Question Bank, Revisionary Test Paper (RTP) हरूको तयारी तथा यसलाई गुणस्तरीय बनाउनको लागि पहल सुरू गरिसकिएको छ ।
- चार्टर्ड एकाउन्टेन्सी अन्तिम तह उत्तीर्ण गरेपछि छोटो अवधिको छुट्टै व्यावहारिक तालिमको लागि पनि कार्य प्रारम्भ गरिसकिएको छ ।
- आगामी (२०६६ माघ) महिनादेखि लेखा प्राविधिज्ञ (Accounting Technician) शिक्षा प्रारम्भ गरिनेछ ।

### सदस्यतर्फ

- सदस्यहरूको आवश्यकतालाई विचार गरी छोटो अवधिको लागि न्यून शुल्कमा व्यावहारिक तालिम दिन आवश्यक क्षेत्र पहिचान गरी पाठ्यक्रम तथा अध्ययन सामग्री निर्माण भैसकेको छ । यस वर्ष नमूनाको रूपमा काठमाडौंबाहिर केही स्थानमा यस्ता तालिमहरू संचालन गर्ने लक्ष्य लिइएको छ । यसको प्रतिक्रियालाई हेरी अर्को वर्षको कार्यक्रम तय गरिनेछ ।
- सदस्य सेवा सेलको स्थापना गरिसकिएको छ र यसलाई प्रभावकारी रूपमा संचालन गर्न प्रयास भै रहेको छ ।

धन्यवाद !

सुवोध कुमार कर्ण
अध्यक्ष

## वीरगंजमा आयकर ऐनसम्बन्धी सेमिनार सम्पन्न

यही कार्तिक २० गते शुक्रबार वीरगंजमा पहिलो पटक संस्थाको आयोजनामा आयकरसम्बन्धी सेमिनार सम्पन्न भएको छ । उक्त सेमिनारमा संस्थाका सदस्य, विभिन्न औद्योगिक प्रतिष्ठान, बैंक तथा वित्तीय संस्था, सार्वजनिक संस्थान तथा विभिन्न संघ संस्था तथा विद्यार्थी गरी ९४ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा प्रमुख अतिथिको रूपमा शुभारम्भ मन्तव्य व्यक्त गर्दै उद्योग वाणिज्य संघ वीरगंजका अध्यक्ष श्री ओमप्रकाश सिकारियाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले वीरगंजमा यस किसिमको कार्यक्रमको आयोजना गरेकोमा हार्दिक धन्यवाद दिंदै साना तथा मझौला उद्योग व्यवसायलाई विचार गरेर लेखामानहरू ल्याउनु पर्ने कुरामा प्रकाश पार्नु भयो । संस्थाका पार्षद् श्री कृष्ण पौडेलले संस्थाको भावी योजना र सेमिनारको उद्देश्यको बारेमा प्रकाश पार्दै संस्थाको शाखा कार्यालय वीरगंजमा खोल्ने निर्णयले यस क्षेत्रका लेखा व्यवसायमा संलग्न तथा यसका सरोकारवाला सबैको लागि खुसीको कुरा भएको बताउनु भएको थियो ।

(बाँकी पृष्ठ २ मा)




समुद्घाटन समारोहलाई सम्बोधन गर्दै पार्षद् श्री कृष्ण पौडेल ।

उक्त सेमिनारको पहिलो र तेस्रो सत्रमा संस्थाका पार्षद् तथा फेलो चार्टर्ड एकाउन्टेन्ट श्री महेश खनालले क्रमशः आयकर ऐन, २०५८ मा आर्थिक विधेयक, २०६६ ले गरेको परिवर्तन र रोजगारीको आयको गणना विषयमा कार्यपत्रहरू प्रस्तुत गर्नुभएको थियो भने दोस्रो सत्रमा फेलो चार्टर्ड एकाउन्टेन्ट श्री अरविन्द खेतानले व्यवसायको आयको गणना विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यक्रमका विभिन्न सत्रहरूको अध्यक्षता क्रमशः राजस्व अनुसन्धान कार्यालय बाराका प्रमुख श्री राजन खड्का, फेलो चार्टर्ड एकाउन्टेन्ट श्री जगदीश प्रसाद खण्डेलवाल तथा नेपाल राष्ट्र बैंक वीरगंज शाखाका प्रमुख तथा फेलो चार्टर्ड एकाउन्टेन्ट श्री महेश्वर लाल श्रेष्ठले गर्नु भएको थियो भने प्रथम सत्रमा आन्तरिक राजस्व कार्यालय, बाराका प्रमुख कर अधिकृत श्री चेतनाथ दाहालले टिप्पणी गर्नु भएको थियो । कार्यक्रमको संचालन संस्थाका कायम मुकायम सहनिर्देशक श्री विनोद न्यौपानेले गर्नुभएको थियो भने उद्घाटन समारोहमा नेपाल अडिटर्स एसोसिएसनका क्षेत्रीय अध्यक्ष श्री राजेन्द्रलाल दासले धन्यवाद ज्ञापन गर्नुभएको थियो । कार्यक्रम अत्यन्त उपयोगी र समसामयिक भएको सहभागीहरूले टिप्पणी गरेका थिए ।

## नेपाल सरकारबाट संस्थालाई जग्गा प्रदान

नेपाल सरकारको स्वामित्वमा रहेको ललितपुर उपमहानगरपालिका, पाटन औद्योगिक क्षेत्रस्थित ढलौट कारखाना परिसर भित्रको ६ रोपनी ६ आना जग्गा पचास वर्षको लागि यस संस्थालाई लिजमा दिने भन्ने नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार अर्थ मन्त्रालय र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबीच २०६६ कार्तिक २३ गते सम्झौता सम्पन्न भयो ।



लिज सम्झौतामा हस्ताक्षर गर्दै अर्थ मन्त्रालयका उपसचिव श्री उपेन्द्र खनाल साथमा संस्थाका कार्यकारी निर्देशक श्री विनय प्रकाश श्रेष्ठ ।

संस्थाले धेरै समय अघिदेखि उक्त जमिन प्राप्तिको लागि प्रयास गर्दै आएकोमा अहिले आएर यस कार्यमा सफलता प्राप्त भएको छ । संस्थाले प्राप्त गरेको यस जग्गामा आफ्नो प्रधान कार्यालयको लागि अत्याधुनिक भवन निर्माण गर्ने जनाउँदै भवन निर्माणको लागि आवश्यक आर्थिक स्रोत जुटाउने कार्यमा सहयोग गर्न संस्थाले आफ्ना सदस्य तथा अन्य इच्छुक सबैसँग अनुरोध गरेको छ ।

## सदस्यहरूसँग भवन निर्माणको लागि अनुरोध गर्ने निर्णय

परिषद्को हालै बसेको बैठकको निर्णयानुसार संस्थाले नेपाल सरकारबाट प्राप्त गरेको जग्गामा भवन निर्माण गर्नको लागि सदस्यहरूसँग कम्तीमा निम्नानुसारको आर्थिक सहयोगको लागि अनुरोध गर्ने निर्णय गरेको छ ।

| | | |
|---|---|---|
| फेलो चार्टर्ड एकाउन्टेन्ट सदस्य | - | रू. २५,०००/- |
| चार्टर्ड एकाउन्टेन्ट सदस्य | - | रू. १५,०००/- |
| दर्तावाला लेखापरीक्षक सदस्य (ख वर्ग) | - | रू. ८,०००/- |
| दर्तावाला लेखापरीक्षक सदस्य (ग वर्ग) | - | रू. ४,०००/- |
| दर्तावाला लेखापरीक्षक सदस्य (घ वर्ग) | - | रू. २,०००/- |

उल्लेखित रकम सदस्यहरूले दुई किस्तामा बुझाउन सक्ने समेत संस्थाले व्यवस्था गरेको छ ।

## अध्यक्ष र उपाध्यक्षद्वारा ICAI को भ्रमण सम्पन्न

संस्थाका अध्यक्ष श्री सुवोध कुमार कर्ण तथा उपाध्यक्ष श्री सुनिर कुमार ढुंगेलले यही नोभेम्वर ९ देखि ११, २००९ सम्म The Institute of Chartered Accountants of India (ICAI) को भ्रमण सम्पन्न गर्नुभयो । उक्त अवसरमा ICAI का प्रतिनिधि र ICAN का प्रतिनिधिहरूका बीच सौहार्द्रपूर्ण कुराकानी सम्पन्न भयो । उक्त अवसरमा पारस्परिक मान्यता सहमति [Mutual Recognition Agreement (MRA)], लेखा प्राविधिज्ञ शिक्षा (Accounting Technician Education), समकक्षी पुनरावलोकन (Peer Review) लगायतका अन्य विषयहरूमा समेत प्राविधिक सहयोगको बारेमा कुराकानी भएको र भ्रमण अत्यन्त उपयोगी रहेको संस्थाका अध्यक्ष श्री कर्णले जानकारी दिनुभयो ।



## उपाध्यक्षद्वारा श्रीलंका भ्रमण




कार्यक्रममा मन्तव्य व्यक्त गर्दै उपाध्यक्ष श्री सुनिर ढुंगेल ।

यही नोभेम्वर २४ तारिखमा श्रीलंकामा सम्पन्न दक्षिण एसियाली मान तर्जुमाकारहरू (Standards Setters) को बैठकमा संस्थाका उपाध्यक्ष श्री सुनिर कुमार ढुंगेल सहभागी हुनुभएको थियो । उक्त बैठकमा उपाध्यक्ष श्री ढुंगेलले अन्तर्राष्ट्रिय लेखामानहरू र नेपालमा लेखामानहरूको अवस्थाको बारेमा उल्लेख गर्दै नेपालमा वित्तीय विवरणहरूको प्रस्तुतीकरणसम्बन्धी नियमनकारी निकायहरू र ऐन नियमहरूको व्यवस्थाको बारेमा प्रकाश पार्नु भएको थियो । साथै नेपालमा सन् २०११ को जुलाईदेखि अन्तर्राष्ट्रिय लेखामानहरू अवलम्बन गर्न गरिएको तयारीको बारेमा पनि जानकारी गराउनु भएको थियो ।

## सम्पादन समिति कार्यदलद्वारा छलफल कार्यक्रमको आयोजना

सम्पादन समिति कार्यदलको आयोजनामा यही मंसीर १६ गते अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान सम्मिलन वा ग्रहण (IFRS Convergence/Adoption) विषयक एक छलफल कार्यक्रमको आयोजना गरियो । संस्थाको कार्यालयमा सम्पन्न उक्त कार्यक्रममा संस्थाका उपाध्यक्ष श्री सुनिर कुमार ढुंगेल तथा कार्यकारी निर्देशक श्री विनय प्रकाश श्रेष्ठ, लेखामान बोर्डका अध्यक्ष श्री प्रदीप कुमार श्रेष्ठ, लेखापरीक्षणमान बोर्डका अध्यक्ष श्री नन्दकिशोर शर्मा, लेखा तथा लेखापरीक्षणमान बोर्डका मुख्य कार्यकारी अधिकृत तथा सचिव श्री लोकमान मास्के तथा सम्पादन समिति कार्यदलबाट संयोजक श्री विष्णु भण्डारी तथा सदस्यहरू श्री प्रतिज्ञा पाण्डे तथा श्री जितेन्द्र धिताल र सदस्य सचिव श्री विनोद न्यौपानेको उपस्थिति रहेको थियो ।



छलफल कार्यक्रमका सहभागीहरू ।

कार्यदलका संयोजक श्री विष्णु भण्डारीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा उपस्थित विभिन्न महानुभावहरूले आ–आफ्नो तर्फबाट भनाई राख्नु भएको थियो । उक्त छलफल कार्यक्रमले निम्न कुराहरूमा ध्यान दिनुपर्ने भनी निष्कर्ष निकालेको थियो ।

- सर्वप्रथम Adoption/Convergence के हो त्यसको निर्क्योल गर्नुपर्ने
- Adoption/Convergence कहिले देखि गर्ने हो त्यसको मिति तय गर्ने
- IFRS Adoption/Convergence को लागि एउटा कार्यदल गठन गर्नुपर्ने
- IFRS Adoption/Convergence को लागि कार्य योजना (Action Plan) तयार गर्नुपर्ने
- यसबाट पर्नसक्ने असरको मूल्यांकन गर्नुपर्ने
- तालिम तथा सचेतना कार्यक्रम संचालन गर्नुपर्ने ।

# साफा, कापा र आइफ्याकसम्बन्धी समाचार

## अध्यक्ष र उपाध्यक्षद्वारा IFAC को परिषद् बैठकमा प्रतिनिधित्व



IFAC का अध्यक्षका साथ संस्थाका अध्यक्ष र उपाध्यक्ष ।

अध्यक्ष श्री सुवोध कुमार कर्ण र उपाध्यक्ष श्री सुनिर कुमार ढुंगेल अन्तर्राष्ट्रिय लेखाव्यवसायी महासंघ (IFAC) को यही नोभेम्बर १३ देखि १९ सम्म अमेरिकाको वासिङ्टन डि.सी. मा सम्पन्न ३२ औं परिषद् बैठकमा सहभागी हुनुभयो । उक्त अवसरमा आयोजित Financial Crisis in the World विषयक सेमिनार र अन्तर्क्रिया कार्यक्रममा समेत वहाँहरूले सहभागिता जनाउनु भएको थियो । IFAC अन्तर्गतको SMP Committee को सदस्यको लागि भएको निर्वाचनमा संस्थाले पहिलो पटक मताधिकारको प्रयोग गर्ने अवसर पाएको थियो ।

## दक्षिण एसियाली लेखाव्यवसायी महासंघ (साफा) को बैठक ढाकामा सम्पन्न

दक्षिण एसियाली लेखाव्यवसायी महासंघ (साफा) को एघारौं बोर्ड बैठक बंगलादेशको ढाकामा यही नोभेम्वेर २००९ मा बंगलादेशको चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAB) को आयोजनामा सम्पन्न भयो । उक्त कार्यक्रममा संस्थाको तर्फबाट साफाका उपाध्यक्ष श्री कोमल बहादुर चित्रकार, संस्थाका अध्यक्ष श्री सुवोध कुमार कर्ण एवं भुतपूर्व अध्यक्ष श्री विजय कुमार अग्रवालको सहभागिता रहेको थियो ।

## कापाको बैठक चीनमा सम्पन्न

एसिया तथा प्रशान्त क्षेत्रका लेखा व्यवसायीहरूको संघ [Confederation of Asia and Pacific Accountants (CAPA)] को बोर्ड बैठक यही अक्टोबर २७ देखि ३१ सम्म चीनको बेईजिङ्गमा सम्पन्न भयो । उक्त बैठकमा संस्थाको तर्फबाट संस्थाका अध्यक्ष श्री सुवोध कुमार कर्ण, उपाध्यक्ष श्री सुनिर कुमार ढुंगेल, साफाका उपाध्यक्ष श्री कोमल बहादुर चित्रकार, पार्षदद्वय श्री गोपाल प्रसाद पोखरेल तथा मोहन राज रेग्मी, संस्थाका भुतपूर्व अध्यक्षहरू श्री पुष्पलाल श्रेष्ठ तथा श्री नारायण बजाज तथा संस्थाका दर्तावाला लेखापरीक्षक सदस्य श्री अम्विका प्रसाद घिमिरेको सहभागिता रहेको थियो । कापाको उक्त बैठकले संस्थालाई SMP Committee गठन गर्न आग्रह गरेको थियो भने सदस्यहरूको दक्षता अभिवृद्धि कार्यअन्तर्गत प्रशिक्षक प्रशिक्षण (TOT) कार्यक्रममा संस्थाबाट ५ जनालाई भारतको हैदराबादमा हुने तालिममा मनोनयन गरिएको छ । सो अवसरमा संस्थाका अध्यक्ष श्री सुवोध कुमार कर्णले त्यहाँ उपस्थित विभिन्न देशका लेखाव्यवसायी संस्थाका प्रतिनिधिहरूसँग आपसी सम्बन्ध र सहयोगको बारेमा कुराकानी गर्नु भएको थियो भने सोही अवसरमा ICAI सँग भएको सहमति अनुसार पारस्परिक मान्यता सहमति [Mutual Recognition Agreement (MRA)] को प्रक्रिया अगाडि बढेको छ ।

## SAFA ITAG समितिको बैठक काठमाडौंमा सम्पन्न

यही अक्टोबर ५ देखि ७, २००९ सम्म काठमाडौंमा Improvement in Transparency, Accountability and Governance (SAFA ITAG) Committee को बैठक सम्पन्न भयो । उक्त बैठकमा उक्त समितिमा रहेका भारत, श्रीलंका, बंगलादेश, पाकिस्तान तथा नेपालबाट प्रतिनिधित्व रहेको थियो । नेपालबाट संस्थाका भुतपूर्व अध्यक्ष श्री पुष्पलाल श्रेष्ठ, पार्षद् श्री सुजन कुमार काफ्ले तथा संस्थाका प्राविधिक निर्देशक श्री परमानन्द अधिकारीको सहभागिता रहेको थियो । उक्त समितिले साफा मुलुकबाट छानिएका विभिन्न कम्पनीहरूको वार्षिक प्रतिवेदनलाई साफाको मूल्यांकन मापदण्डअनुसार अन्तिम मूल्यांकन गरी पुरस्कार प्राप्त गर्ने संस्थाहरूको अन्तिम नामावली तयार गरेको थियो । निम्न ८ क्षेत्रहरूमा साफाले 'उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कार' प्रदान गर्दै आइरहेको छ :




संस्थाका अध्यक्षका साथ विभिन्न देशबाट आएका समितिका अन्य सदस्यहरू ।

- Banking Sector subject to prudential supervision.
- Non Banking sector not subject to prudential supervision.
- Manufacturing sector
- Hospitality, Health, Transport, Shipping Sector
- Communication, Information Technology Sector
- Non-Governmental Organization Sector
- Public Sector Entities
- Corporate Governance Disclosures

# विद्यार्थीसम्बन्धी समाचार

## करियर काउन्सेलिङ कार्यक्रम सम्पन्न

चार्टर्ड एकाउन्टेसी शिक्षासम्बन्धी जनचेतना फैलाउने उद्देश्यले यही मंसीर ५ गते युनाईटेड वर्ल्ड ट्रेड सेन्टर, त्रिपुरेश्वर, काठमाडौंमा करियर काउन्सेलिङ्ग कार्यक्रम संचालन गरियो । करियर काउन्सेलिङ समितिका सभापति श्री नारायण बजाज तथा सदस्यहरू श्री प्रवीण बस्नेत र अस्मिता गोर्खाली तथा संस्थाका सहनिर्देशक श्री पुष्पेन्द्र सिंहको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा करीब ८० जना विद्यार्थी तथा अभिभावकको सहभागिता रहेको थियो । त्यस्तै यही कार्तिक २७ र २८ गते पोखरामा पनि करियर काउन्सेलिङ कार्यक्रम सम्पन्न भयो । करीब १५० जना विद्यार्थीहरूको सहभागिता रहेको उक्त कार्यक्रम मदरल्याण्ड उच्च माध्यामिक विद्यालय र इन्लाइटेन्ड इन्टरनेशनल एकेडेमीमा सम्पन्न भएको थियो भने सो कार्यक्रममा संस्थाका प्राविधिक निर्देशक श्री परमानन्द अधिकारीले स्रोत व्यक्तिको भूमिका निर्वाह गर्नुभएको थियो ।

## करियर फेयरमा सहभागिता

यही मंसीर २४ देखि ३० गतेसम्म बुटवलमा सम्पन्न नेपाल बुक तथा स्टेशनरी व्यवसायी, बुटवलको आयोजनामा सम्पन्न दोस्रो मेगा बुक्स प्रदर्शनी तथा शैक्षिक मेला, २०६६ मा चार्टर्ड एकाउन्टेन्सी शिक्षाको लागि जनचेतना फैलाउने उद्देश्यले संस्थाले पनि एउटा स्टल राखी उक्त कार्यक्रममा सहभागिता जनाएको थियो । उक्त स्टल विद्यार्थी तथा अभिभावकले रूचिका साथ अवलोकन गरेका थिए ।

## क्र्यास कोर्स सम्पन्न

यही डिसेम्वर २००९ को परीक्षामा सहभागी हुने विद्यार्थीहरूको लागि शिक्षा विभागले CAP–II र फाइनलका विद्यार्थीहरूको लागि यही अक्टोबर २५ देखि

नोभम्वर १४, २००९ सम्म छोटो अवधिको Revisionary Class संचालन गरेको थियो । सकेसम्म परीक्षामा विद्यार्थीहरूलाई प्रस्तुत हुन सहज होस् भन्ने कुरालाई ध्यान दिएर उक्त कोर्स संचालन गरिएको थियो ।

## सि.ए. कोचिङ्ग कक्षा संचालनको लागि सम्बन्धन प्रदान

चार्टर्ड एकाउन्टेन्सी अध्ययनरत विद्यार्थीहरूलाई कोचिङ्ग कक्षा संचालन गर्न संस्थाबाट सम्बन्धन लिन संस्थाबाट दरखास्त आह्वान गरिए बमोजिम विभिन्न संघ संस्थाबाट सम्बन्धनको लागि माग गरिएका मध्ये काठमाडौं भित्र ५ र बाहिर ३ गरी ८ वटा संस्थालाई सम्बन्धन प्रदान गर्ने निर्णय गरेको छ । संस्थाको यस निर्णयले विद्यार्थी तथा अभिभावकहरूमा उत्साह छाएको छ ।

## विद्यार्थी भर्नासम्बन्धी विवरण

संस्थामा चार्टर्ड एकाउन्टेन्सी शिक्षाका विभिन्न तहमा अध्ययनका लागि भर्ना भएका विद्यार्थीहरूको तथ्याङ्क निम्न बमोजिम रहेको छ ।

| वर्ष | तह | | |
|---|---|---|---|
| | सि.ए. प्रोफेशनल प्रथम तह | सि.ए. प्रोफेशनल द्वितीय तह | सि.ए. प्रोफेशनल तृतीय तह |
| ९९/०० | ९८ | - | - |
| ००/०१ | ११२ | ५६ | - |
| ०१/०२ | ६८ | ७४ | - |
| ०२/०३ | १९५ | ९९ | ७ |
| ०३/०४ | ३६० | १०९ | २० |
| ०४/०५ | ३६१ | १२३ | २१ |
| ०५/०६ | १८५ | १५२ | २१ |
| ०६/०७ | ६७२ | १४७ | ४७ |
| ०७/०८ | ८९७ | २१३ | ५८ |
| ०८/०९ | १११२ | ४६१ | ६८ |
| ०९/१० (२०६६ श्रावण १ बाट मंसिर ३० सम्म) | ५३० | ३१० | ३७ |
| कुल | ४५९० | १७४८ | २७९ |

## चार्टर्ड एकाउन्टेन्सी शिक्षाको कोचिङ्ग कक्षा संचालनको लागि सम्बन्धन (Accreditation) प्रदान गरिएको सूचना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (The Institute of Chartered Accountants of Nepal) नेपालमा लेखा व्यवसायको विकास, संरक्षण र सम्वर्द्धन गर्नको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ बमोजिम स्थापित स्वसाशित र संगठित संस्था हो । उक्त ऐनले यस संस्थालाई नेपालमा चार्टर्ड एकाउन्टेन्सी शिक्षा तथा परीक्षा संचालन गर्ने, सदस्यता प्रदान गर्ने, पेशागत प्रमाणपत्र प्रदान गर्ने लगायतका सम्पूर्ण जिम्मेवारी प्रदान गरेको छ।

चार्टर्ड एकाउन्टेन्सी शिक्षाको कोचिङ्ग कक्षा संचालन गरिरहेका वा गर्न चाहने निजी स्तरका संस्थाहरुका लागि कोचिङ्ग कक्षा संचालनको सम्बन्धन (Accreditation) प्राप्त गर्नका लागि यस संस्थाबाट मिति २०६५/५/६ मा सार्वजनिक सूचना मार्फत दरखास्त आव्हान गरिए बमोजिम दरखास्त पेश गरेका त्यस्ता संस्थाहरु मध्ये कोचिङ्ग कक्षा संचालनको सम्बन्धन निर्देशिका (Accreditation Guidelines) को आधारमा देहाय बमोजिमका संस्थाहरुलाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम २२ (१) बमोजिम चार्टर्ड एकाउन्टेन्सी शिक्षाको कोचिङ्ग कक्षा संचालन गर्न अनुमति प्रदान गरिएको व्यहोरा यस संस्थामा चार्टर्ड एकाउन्टेन्सी शिक्षाको विभिन्न तहमा अध्ययन गर्न दर्ता भएका विद्यार्थीहरु, तिनिहरुका अभिभावक तथा अन्य सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सम्बन्धन प्रदान गरिएका ति संस्थाहरुले अब उपरान्त "नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट मान्यता प्राप्त" लेख्न पाउने व्यहोरा समेत जानकारी गराइन्छ।

साथै सम्बन्धन प्रदान गरिएका संस्थाहरुले प्रदान गर्ने शैक्षिक गुणस्तरको समय समयमा यस संस्थाबाट निरिक्षण तथा अनुगमन (Inspection & Supervision) गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

| क्र.सं | सम्बन्धन प्राप्त संस्था र सम्पर्क ठेगाना | चार्टर्ड एकाउन्टेन्सी शिक्षाका तह |
|---|---|---|
| 1. | CAI Private Limited<br>Putalisadak, Kathmandu Phone No: 4223651 | CAP –I, CAP –II & CAP -III |
| 2. | CCMA College Private Limited<br>New Plaza, Kathmandu, Phone No: 4440708 | CAP –I, CAP –II & CAP-III |
| 3. | CIPL Academy Private Limited<br>Putalisadak, Kathmandu, Phone No: 4244319 | CAP –I, CAP –II & CAP-III |
| 4. | Elite Institute of Finance & Accountancy P. Ltd<br>Putalisadak, Kathmandu, Phone No: 4442225 | CAP –I |
| 5. | Enlightened International Academy Private Limited<br>Srijana Chwok, Pokhara, Phone No: 061-242430 | CAP –I & CAP –II |
| 6. | NCCA Private Limited<br>Kumaripati, Lalitpur, Phone No: 5543336 | CAP –I & CAP –II |
| 7. | Professor Academy Private Limited<br>Bharatpur, Chitwan, Phone No: 056-692789 | CAP –I & CAP –II |
| 8. | Professional Careers & Education Private Limited<br>Biratnagar, Morang, Phone No: 021-536101 | CAP –I |

The Institute of Chartered Accountants of Nepal
(Established under the Nepal Chartered Accountants Act, 1997)
बबरमहल, काठमाडौं, पो.ब.नं. ५२८९ फोन: ०१-४२५८५६९/४२६९१३०/२०३००२१
फ्याक्स : ४२५८५६८, इमेल: ican@ntc.net.np, website: www.ican.org.np

## डिसेम्वर २००९ को परीक्षा सम्पन्न

संस्थाले यही डिसेम्वर २००९ मा संचालन गरेको Final, Intermediate, CAP-II, Foundation, CAP-I तहको चार्टर्ड एकाउन्टेन्सी परीक्षामा निम्नानुसार परीक्षार्थी सहभागी भएका छन् । यी सबै परीक्षाको केन्द्र यस वर्ष ब्रिलियन्ट बहुमुखी क्याम्पस, चाबहिलमा रहेको थियो ।

(बाँकी पृष्ठ ५ मा)

## Revision of Registration Fees for CA Course

This is to inform all concerned that the Council of the Institute has decided to revise the Registration Fee for Chartered Accountancy Courses as per Rule 7 of the Nepal Chartered Accountants Regulations 2004, as per the following with effect from December 1, 2009 (Corresponding to Mangsir 16, 2066).

| CA Level | Revised fee (NRs.) |
|---|---|
| Chartered Accountancy Professional - I | 25,000/- |
| Chartered Accountancy Professional - II | 30,000/- |
| Chartered Accountancy Professional - III | 30,000/- |

**Note:** The above mentioned fees can be paid at the time of registration along with other applicable fees as per Sechedule 4 of the Nepal Chartered Accountants Regulations 2004 or Registration Fees can also be paid on installment basis as given:

| CA Level | Payment Criteria |
|---|---|
| CAP-I | Rs.12,500/- at time of registration and balance Rs.12,500/- upto 30th November for the student registered till 31st May and upto 31st May of the next year for students registered till 30th November. |
| CAP-II | Rs.15,000/- at time of registration and balance Rs.15,000/- upto 30th November for the student registered till 31st May and upto 31st May of the next year for students registered till 30th November. |
| CAP-III | Rs.15,000/- at time of registration and balance Rs.15,000/- within one year from the date of registration in CAP-III Level. |



| | फाईनल | ईन्टरमेडिएट | क्याप-II | फाउण्डेशन | क्याप-I |
|---|---|---|---|---|---|
| जम्मा परीक्षार्थी | ८७ | १३४ | २१० | ७२ | ४२२ |
| दूवै समूहमा सहभागी | ३५ | ५८ | १४३ | ३१ | ३७६ |
| पहिलो समूहमा सहभागी | ३० | ५० | २० | ३१ | ३४ |
| दोश्रो समूहमा सहभागी | २२ | २६ | ४७ | १० | १२ |

त्यस्तै The Institute of Chartered Accountants of India (ICAI) बाट चार्टर्ड एकाउन्टेन्सी उत्तीर्ण गरी संस्थाबाट सदस्यता लिन चाहने परीक्षार्थीहरूको लागि नोभेम्वर १५ देखि १७ मा सम्पन्न परीक्षामा ४५ जना परीक्षार्थीको सहभागिता रहेको थियो ।

## स्रोतव्यक्तिसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न

२०६६/७/८ गते बसेको परीक्षा समितिको बैठकले चार्टर्ड एकाउन्टेन्सी परीक्षासँग सम्बन्धित स्रोतव्यक्तिसँग अन्तर्क्रिया कार्यक्रम संचालन गर्ने र त्यसबाट आएको प्रतिक्रिया विद्यार्थीहरूलाई जानकारी गराउनका लागि पार्षद् श्री नरेन्द्र भट्टराईको संयोजकत्वमा निवर्तमान पार्षद् भरत रिजाल, कार्यकारी निर्देशक विनय प्रकाश श्रेष्ठ, प्राविधिक निर्देशक परमानन्द अधिकारी सदस्य र परीक्षा नियन्त्रक श्याममणि दाहाल सदस्य सचिव भएको स्रोतव्यक्तिसँग अन्तर्क्रिया कार्यदल (Task Force for Interaction with Resource Persons) गठन गरेको थियो । सोहीअनुरूप उक्त कार्यदलले विषयगत रूपमा ४ समूह छुट्याई २०६६ कार्तिक १६ देखि १९ गतेसम्म अन्तर्क्रिया कार्यक्रम (Interaction Program) संचालन गरेको थियो ।

# सदस्यसम्बन्धी समाचार

## सि.पि.ई. क्रेडिट आवर वृद्धि गर्ने निर्णय

संस्थाले पेशागत प्रमाणपत्रप्राप्त सदस्यहरूलाई अनिवार्य गर्दै आएको अनवरत व्यावसायिक शिक्षा (CPE) को क्रेडिट आवरमा आ.व. २०६६।०६७ को नवीकरणदेखि लागू हुने गरी केही हेरफेर गरेको छ । यसअनुसार संस्थाका चार्टर्ड एकाउन्टेन्ट तथा दर्तावाला लेखापरीक्षक 'ख' वर्गका सदस्यहरूको लागि वर्षमा कम्तीमा १५ र तीन वर्षमा कम्तीमा ६० क्रेडिट आवर र दर्तावाला लेखापरीक्षक 'ग' र 'घ' वर्गका सदस्यहरूका लागि वर्षमा कम्तीमा १० र तीन वर्षमा कम्तीमा ४० क्रेडिट आवर हुनुपर्ने अनिवार्यता गरेको छ । यस परिवर्तन अनुसार यस वर्ष तालिम लिंदा नै उक्त निर्णयानुसारको क्रेडिट आवर पूरा गर्नुपर्ने देखिन्छ ।

## अनुशासनको कारवाही

चार्टर्ड एकाउन्टेन्ट सदस्य श्री समिर प्रसाद दाहाल (सदस्यता नं. १६३ र पेशागत प्रमाणपत्र नं. १०५) लाई पेशागत आचरणको पालना नगरेकोले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा १४(५)(ग) अनुसार यही २०६६ कार्तिक ४ गतेदेखि लागू हुने गरी १ वर्षको लागि लेखाव्यवसाय गर्न नपाउने गरी कारवाही गरेको छ ।

## सदस्यहरूको नवीकरण अवस्था

यही २०६६ श्रावण १ गते देखि मंसीर ३० गतेभित्र निम्न सदस्यहरूले आफ्नो सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखा व्यवसायी संस्था (फर्म) नवीकरण गरेका छन् । नियमानुसार ६० दिनसम्म नवीकरण गर्दा कुनै थप दस्तुर बुझाउनु पर्दैन भने त्यसपछि ६० दिनसम्म १५ प्रतिशत र त्यसपछि ६० दिनसम्म २५ प्रतिशत र त्यसपछि ४० प्रतिशत अतिरिक्त शुल्क बुझाउनुपर्ने प्रावधान रहेको छ ।

**सदस्यताको विवरण:**

| सदस्यता श्रेणी | कुल सदस्य संख्या | मंसीर ३० सम्म नवीकरण संख्या |
|---|---|---|
| एफ.सि.ए. | १९४ | १५७ |
| सि.ए. | २५७ | २०९ |
| आर.ए. ख वर्ग | ३३५६ | २३०७ |
| आर.ए. ग वर्ग | १५८४ | १०२० |
| आर.ए. घ वर्ग | २३४५ | १५२२ |

**पेशागत प्रमाणपत्रको विवरण:**

| सदस्यता श्रेणी | कुल सदस्य संख्या | मंसीर ३० सम्म नवीकरण संख्या |
|---|---|---|
| एफ.सि.ए./सि.ए. | ४२१ | ३०३ |
| आर.ए. ख वर्ग | ३०९६ | १८६६ |
| आर.ए. ग वर्ग | १४४१ | ८५४ |
| आर.ए. घ वर्ग | २१४३ | १३८० |

**लेखा व्यवसायी फर्मको विवरण:**

| सदस्यता श्रेणी | कुल फर्म संख्या | मंसीर ३० सम्म नवीकरण संख्या |
|---|---|---|
| एफ.सि.ए./सि.ए. | ३६० | २६१ |
| आर.ए. ख वर्ग | ८५१ | ६७१ |
| आर.ए. ग वर्ग | २९० | २१२ |
| आर.ए. घ वर्ग | १८७ | १४३ |

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सि.पि.ई. तालिम संचालनसम्बन्धी सूचना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको आ.व. २०६६/०६७ मा संचालन हुने तालिमहरू निम्न मिति र स्थानमा संचालन हुन गइरहेकोले इच्छुक सदस्य महानुभावहरूले आफूलाई उपयुक्त हुने स्थान र मितिमा सम्बन्धित संस्थाहरूसँग सम्पर्क गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | मिति | स्थान | संचालन गर्ने संस्था |
|---|---|---|---|
| १. | २०६६ पौष ३/४ | काठमाडौं | ICAN |
| २. | २०६६ माघ ८/९ | वीरगंज/भैरहवा | ICAN/ AUDAN |
| ३. | २०६६ माघ १५/१६ | महेन्द्रनगर | AUDAN |
| ४. | २०६६ माघ २२/२३ | विराटनगर/पोखरा | ICAN/ ICAN |
| ५. | २०६६ फाल्गुन १४/१५ | बाग्लुङ्ग | AUDAN |
| ६. | २०६६ फाल्गुन २१/२२ | काठमाडौं/सुर्खेत | EIFA/ AUDAN |
| ७. | २०६६ फाल्गुन २८/२९ | ईलाम/दाङ/धनगढी | OMS/ IBM/ AUDAN |
| ८. | २०६६ चैत्र ६/७ | बिर्तामोड | AUDAN |
| ९. | २०६६ चैत्र १३/१४ | हेटौंडा/विराटनगर | INCA/ AUDAN |
| १०. | २०६६ चैत्र २०/२१ | नारायणगढ/नेपालगंज | AUDAN/ ICAN |
| ११. | २०६६ चैत्र २७/२८ | पोखरा | AUDAN |
| १२. | २०६७ बैशाख १०/११ | बुटवल/काठमाडौं | ICAN/ AUDAN |
| १३. | २०६७ बैशाख १७/१८ | जनकपुर/काठमाडौं | CAI/ ICAN |
| १४. | २०६७ बैशाख २४/२५ | धरान | IBM |
| १५. | २०६७ जेष्ठ १४/१५ | काठमाडौं/राजविराज | AUDAN/ INCA |
| १६. | २०६७ जेष्ठ २१/२२ | काठमाडौं/पोखरा | ICAN/ OMS |
| १७. | २०६७ जेष्ठ २८/२९ | काठमाडौं/काठमाडौं | AUDAN/ INCA |
| १८. | २०६७ आषाढ ४/५ | काठमाडौं/काठमाडौं/वीरगंज | ICAN/ AUDAN/ EIFA |
| १९. | २०६७ आषाढ ११/१२ | काठमाडौं/काठमाडौं/काठमाडौं | ICAN/ AUDAN/ IBM |
| २०. | २०६७ आषाढ १८/१९ | काठमाडौं/काठमाडौं/काठमाडौं | ICAN/ AUDAN/ OMS |
| २१. | २०६७ आषाढ २५/२६ | काठमाडौं/काठमाडौं/काठमाडौं | ICAN/ CAI/ AUDAN |

उपरोक्त अनुसारका तालिम संचालन नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका साथै निम्न संघ संस्थाहरूद्वारा संचालन गर्न सम्झौता गरिएको छ । इच्छुक सदस्य महानूभावहरूले आफ्नो उपयुक्त स्थान र मितिमा सम्बन्धित संस्थाहरूसँग सम्पर्क गर्नको लागि सूचित गरिन्छ ।

१. नेपाल अडिटर्स एशोशियसन (AUDAN) काठमाडौं, फोन: ०१-४१०२०२३
२. अक्सफोर्ड म्यानेजमेन्ट सपोर्ट एकाडेमिक्स (OMS), काठमाडौं फोन: ०१-४४९९७६१
३. सि.ए.आई. (प्रा) लि. (CAI), काठमाडौं फोन: ०१-४२२३६५१, ४२५८५१२
४. ईन्स्टिच्युट अफ बैंकिङ एण्ड म्यानेजमेन्ट स्टडिज (IBM), काठमाडौं फोन: ०१-४४६१९०५
५. ईलाईट ईन्स्टिच्युट अफ फाईनान्स एण्ड एकाउन्टेन्सि (ELITE), काठमाडौं फोन: ०१-४४४२२२५, ६२०४४२५
६. ईन्टरनेशनल कलेज अफ एकाउन्टेन्सि (INCA), काठमाडौं फोन: ०१-४२३९०३३, २००२३८४

पुनश्च: प्राविधिक कारणले उपरोक्त समय तालिकामा हेरफेर हुनसक्ने छ । हेरफेर भएको अवस्थामा सार्वजनिक सूचनामार्फत् जानकारी गराइने छ ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)
Babarmahal, Kathmandu, Tel: 4258569, 4269130, 2030021
Fax: 4258568, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np
Biratnagar Liaison Office: Tel: 021-522077,
Butwal Liaison Office: Tel: 071-622574



# लेखामान बोर्डसम्बन्धी समाचार

## नेपाल सार्वजनिक क्षेत्र लेखामान स्वीकृत

नेपाल सरकारको मिति २०६६ भदौ ३० गते बसेको मन्त्रिपरिषद्को निर्णयबाट नेपाल सार्वजनिक क्षेत्र लेखामानहरु लागू गर्न स्वीकृति दिएको छ ।

## तालिम सम्पन्न

यही २०६६ कार्तिक ८ गते लेखामान बोर्डको आयोजनामा "नेपाल सार्वजनिक क्षेत्र लेखामान" विषयक एक दिने गोष्ठी सम्पन्न भयो । लेखामान बोर्डका अध्यक्ष श्री प्रदिप कुमार श्रेष्ठको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमका प्रमुख अतिथि निमित्त कार्यवाहक महालेखा परीक्षक श्री रमेश राज सत्याल हुनुहुन्थ्यो । सो कार्यक्रममा महालेखा नियन्त्रक श्री अवनिन्द्र कुमार श्रेष्ठको पनि उपस्थिति रहेको थियो । महालेखा परीक्षकको कार्यालय, महालेखा नियन्त्रक कार्यालय, विभिन्न मन्त्रालय तथा विभागबाट गरी ५० जनाको तालिममा सहभागिता रहेको थियो ।

## साना तथा मझौला उद्योगहरूको लागि नेपाल लेखामान तालिम

साना तथा मझौला उद्योगहरूका लागि यही २०६६ कार्तिक १३ गते नेपाल लेखामान तालिम संचालन भयो । सो तालिममा ५४ जना साना तथा मझौला उद्योगका प्रतिनिधिहरूको सहभागिता रहेको उक्त तालिमको अध्यक्षता लेखामान बोर्डका अध्यक्ष श्री प्रदीपकुमार श्रेष्ठले गर्नु भएको थियो भने तालिमको प्रमुख आतिथि उद्योग मन्त्रालयका सचिव श्री प्रताप कुमार पाठक हुनुहुन्थ्यो ।

## लेखामान बोर्डका सभापतिद्वारा बैठकमा सहभागिता

एशिया प्रशान्त क्षेत्रका देशहरूका लेखामान तर्जुमाकारहरूको बैठक यही नोभेम्वर ४ र ५ तारिख २००९ मा मलेशियाको राजधानी क्वालालम्पुरमा सम्पन्न भयो । उक्त बैठकमा लेखामान बोर्डका अध्यक्ष श्री प्रदिप कुमार श्रेष्ठले भाग लिनु भएको थियो । बैठकमा अष्ट्रेलिया, ब्रुनाई, कम्बोडिया, चीन, इण्डोनेशिया, जापान, कजाखस्तान, कोरिया, मकाउ, मलेसिया, नेपाल, न्युजिल्याण्ड, ओमान, थाईल्याण्ड, साउदी अरेबिया, सिंगापुर, श्रीलंका, टर्की र उज्वेकिस्तान गरी २१ वटा मान तर्जुमाकारहरूको उपस्थिति रहेको थियो । तर्जुमाकारहरूको सामूहिक बैठक पहिलो पटक भएको हो । यसको कार्य समितिको निर्वाचनले अध्यक्षमा जापानलाई निर्वाचित गरेको छ ।

# लेखापरीक्षणमान बोर्डसम्बन्धी समाचार

## बीमा समितिका अध्यक्षसँग छलफल

मिति २०६६ साल कात्तिक २५ गते बीमा समितिका अध्यक्ष डा. फत्त बहादुर के. सी. सँग लेखापरीक्षणमान बोर्डका अध्यक्ष श्री नन्दकिशोर शर्मा तथा सदस्यहरू श्री सुकदेव खत्री र श्री मुकुन्द राज पन्थीले भेट गरी लेखापरीक्षण कार्यको गुणस्तरका बारे छलफल गर्नु भयो । छलफलमा आगामी दिनहरूमा सहकार्य गर्ने तथा सहयोग गर्ने क्षेत्रहरू पहिचान गरी कार्यक्रमहरू संचालन गर्ने विषयमा कुराकानी भएको थियो ।

# कर्मचारीसम्बन्धी समाचार

## नयाँ नियुक्ति



संस्थामा रिक्त सहनिर्देशक पदमा खुल्ला प्रतियोगिताद्वारा श्री विनोद प्रसाद न्यौपाने नियुक्त हुनु भएको छ । श्री न्यौपाने संस्थामा स्थापनाकालदेखि नै कार्यरत हुनुहुन्छ भने यसअघि वहाँ उपनिर्देशक पदमा कार्यरत हुनुहुन्थ्यो ।

## कर्मचारीको सरुवा

संस्थाको सदस्य सेवा विभागमा कार्यरत सहायक कर्मचारी श्री मनोज गिरीलाई यही मंसीर १ गतेदेखि लागु हुने गरी संस्थाको बुटवल शाखा कार्यालयमा र बुटवल शाखा कार्यालयमा कार्यरत रहनुभएका सहायक श्री विपिनराज तिवारीलाई संस्थाको केन्द्रीय कार्यालयमा सरुवा गरिएको छ ।

## कर्मचारी संगठनद्वारा रक्तदान कार्यक्रमको आयोजना



रक्तदान कार्यक्रममा सहभागी कर्मचारीहरू

संस्थामा रहेको कर्मचारी युनियन नेपाल राष्ट्रिय कर्मचारी संगठनले नेपाल रेडक्रस सोसाइटीको अनुरोधमा मिति २०६६ कार्तिक १३ गते शुक्रवार संस्थाको कार्यालय परिसरमा रक्तदान कार्यक्रमको आयोजना गऱ्यो । उक्त रक्तदान कार्यक्रममा संस्थाका पार्षद्, सदस्य, कर्मचारी, विद्यार्थी तथा अन्य महानुभाव गरी ७३ जनाले रक्तदान गर्नुभएको थियो । यस पवित्र कार्यक्रमको सम्पन्नताले संगठनलाई नयाँ उर्जा प्रदान गरेको कुरा उक्त संगठनले जनाएको छ भने रगत अभावको बेलामा अनुरोधलाई स्वीकार गरी रगत संकलन कार्यमा सहयोग गरेकोमा नेपाल रेडक्रस सोसाईटीले पनि संगठनलाई धन्यवाद दिएको छ ।

टिकट

पाउने:

**Published by:** Editorial Board, The Institute of Chartered Accountants of Nepal
Babar Mahal, Kathmandu, Nepal. P.O.Box 5289, Tel: 977 1 4269130, 4258569, 2003021, Fax: 4258568
E-mail: ican@ntc.net.np, Website: www.ican.org.np

**Branch Office: Biratnagar :**
The Institute of Chartered Accountants of Nepal
Tel: 021 537195, E-mail: icanbrt@wlink.com.np

**Branch Office: Butwal :**
The Institute of Chartered Accountants of Nepal
Tel: 071 622574, E-mail: icanbtl@ntc.net.np